स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



असार १५ गतेबाट नेपाल र भारतमा एकसाथ प्रदर्शन हुन लागेको फिल्म 'पर स्त्री'की अभिनेत्री शिल्पा मास्केले बलिउड इन्डस्ट्रीसँग राम्रो सम्बन्ध स्थापित गर्न फिल्मले भूमिका खेल्ने विश्वास व्यक्त गरेकी छन् । फिल्मको भारत प्रदर्शन र प्रिमियरको शिलशिलामा टिम मुम्बई पुगेको छ । फिल्ममा शिल्पाका साथै गौरव विष्ट, कोशिस क्षेत्री, शिल्पा मास्के, गौरव बिष्ट, अलिसा क्षेत्री, अशान्त शर्मा, रामबाबु रेग्मी, सरस्वती अधिकारी, झकेन बिसी, अर्पित न्यौपानेलगायतको अभिनय छ ।

आजको विचार...



अराजकता...
(दुई पेजमा)

खिमलाल देवकोटा



रेश्मा घिमिरेलाई टिकटकले चिनाएको हो । तर, टिकटकले चिनाउनुभन्दा धेरै अगाडि उनले फिल्ममा मुख्य अभिनेत्री भएर काम गरिसकेकी थिइन् । डेब्यू फिल्मको असफलतापछि पढाईमा एकाग्र भएकी उनी एकाएक टिकटकबाट चर्चामा आइन् । अहिले उनको टिकटकमा १३ लाखभन्दा बढी फलोअर्स छन् । टकटकबाट चर्चामा आएपछि रेश्मालाई धेरै फिल्मबाट प्रस्ताव पुगे । तर, उनले ८ वर्षपछि फिल्म 'अन्तिम संस्कार' छनोट गरिन् । उनले विवाह गरेपश्चात् यो फिल्ममा काम गरेकी हुन् ।

❒ वर्ष २८ ❒ अंक ३३० ❒ २०८० असार १३ गते बुधबार 28 June 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# समाजसेवामा प्रतिबद्ध रोटरी क्लब अफ पाल्पा तानसेन

## मनायो स्थापना दिवस, गर्‍यो पद हस्तान्तरण

रामचन्द्र रायमाझी

**पाल्पा,** असार १२/रोटरी क्लव एक विशुद्ध सेवामूलक अन्तर्राष्ट्रिय सामाजिक संस्था हो । जसले सामाजिक र मानवीय उत्थानका लागि आफ्नो स्वार्थ भन्दा माथि उठेर विविध सामाजिक गतिविधि गर्दै आएको छ । नेपालसहित विश्वभर रोटरी क्लवहरु स्थापना भएका छन् । पाल्पामा पनि सामाजिक सेवा गर्ने अभिप्रायले सन् २००१, २७ जुनमा रोटरी क्लव अफ पाल्पा तानसेनको स्थापना भएको हो ।

क्लवले विगतदेखि नै आफुहरुलाई निस्वार्थ सेवाभावमा समर्पित गर्दै आएको छ । उसले विभिन्न संघसंस्था र असहायहरुलाई सहयोग र राहत प्रदान गर्नुको साथै विद्यार्थीहरुमा स्वास्थ्य शिविर सञ्चालनदेखि वातावरण संरक्षण, वृक्षारोपण जस्ता उल्लेखीय कार्यहरु गर्दै आएको छ । क्लवले पाल्पाको विकट



क्षेत्र निस्दीका दुई वटा वडाहरुमा ५७ लाखको सिंचाई आयोजना निर्माण गरी समुदायलाई हस्तान्तरण गरेको छ । उसले तानसेनस्थित युनाईटेड मिसन अस्पतालमा विभिन्न संघ संस्थाहरुको सहयोगमा १० लाखको रेन वाटर परियोजना, एम्बुलेन्स खरिदका लागि परिवार नियोजन संघ पाल्पालाई १६ लाख, बगनासकालीमा लिफ्टिङ्ग खानेपानी आयोजना, युनाईटेट मिसन अस्पातालमा मोवाइल एक्सरे मेसिन हस्तान्तरण जस्ता ठूला परियोजनाका कार्य गरेको क्लवका निर्वतमान अध्यक्ष रो. हरी रायमाझीले बताए । उनका अनुसार अहिले मिसन अस्पतालमा फोहोर पानी व्यवस्थापनका लागि ३ करोड १८ लाखमा वयस्ट वाटर ट्रिगमेन्ट प्रोजेक्टको टेन्डरमार्फत काम अगाडि बढेको र अन्य ठूला परियोजनाहरुको समेत काम भइरहेको छ । अशसक्त विरामीहरुको लागि ह्वीलचियर, सामुदायिक विद्यालयका विद्यार्थीहरुको कान परीक्षण जस्ता कार्यहरु गरिएको समेत रायमाझीले बताए ।

**मनायो स्थापना दिवस, गर्‍यो पद हस्तान्तरण**

यस्तै रोटरी क्लव अफ पाल्पा तानसेनले २३ औं स्थापना दिवससँगै पदहस्तान्तरण कार्यक्रम गरेको छ । क्लवले मंगलबार तानसेनमा एक औपचारिक कार्यक्रमको आयोजना गरी स्थापना दिवस र पदहस्तान्तरण गरेको हो । क्लवको २०२२-२३ को नेतृत्वले २०२३-२४ को नेतृत्वलाई पद हस्तान्तरण गरेको छ । २०२२-२३ का अध्यक्ष रो.हरि रायमाझीले २०२३-२४ का अध्यक्ष यादवसिं कार्कीलाई संस्थाको माइन्युट हस्तान्तरण गरेका छन् । नवनिर्वाचित अध्यक्ष कार्कीलाई कार्यक्रमका विशिष्ट अतिथि तथा क्लवका एसिस्टेण्ट गभर्नर (एजी) रो.सन्दीप रेग्मीले शपथ ग्रहण गराए भने अन्य पदाधिकारीहरुलाई अध्यक्ष कार्कीले गराएका थिए । शपथ ग्रहणपछि नवनिर्वाचित अध्यक्ष कार्कीले सामाजिक सेवा गर्दै आएको क्लबको नेतृत्वको जिम्मेवारीमा पदस्थापन हुँदा हर्षित भएको बताए । पदस्थापनसँगै उनले आफूलाई थप जिम्मेवारी महशुस भएको समेत बताए । उनले सामाजिक सेवाको भावलाई समर्पित गर्दै क्लबको विधि, विधान अनुसार काम गर्ने बताए । कार्की भने 'नेतृत्व प्राप्तिसँगै हामी थप जिम्मेवार हुनेछौं । क्लबको इतिहास, अग्रजले सिकाएको पाठ र अगाडिका योजनाहरुलाई आत्मसाथ गर्दै हामी क्लबको प्रतिष्ठासँगै सामाजिक क्षेत्रमा क्रियाशिल हुँदै यस कार्यकाललाई स्वर्णिम कार्यकाल बनाउने प्रयास गर्नेछौं ।' पद हस्तान्तरण गर्दै क्लका निवर्तमान अध्यक्ष रो.हरि रायमाझीले आफ्नो नेतृत्वमा गरेका कामहरुको बारेमा जानकारी गराएका थिए । उनले अघिल्लो नेतृत्वले सञ्चालन गरेका केही ठूला योजनाहरु सम्पन्न गर्नेदेखि विद्यार्थीहरुमा कानको शिविर सञ्चालन, असहायहरुलाई ह्वीलचियर वितरण, वृक्षारोपण, मिसन अस्पतालमा फोहोर पानी व्यवस्थापनका लागि ३ करोड १८ लाखमा वयस्ट वाटर ट्रिगमेन्ट प्रोजेक्टको टेन्डरमार्फत काम अगाडि बढाइएको बताए । उनले बाँकी परियोजनाहरुलाई नयाँ नेतृत्वले गर्ने आशा व्यक्त गरे । कार्यक्रममा प्रमुख अतिथि क्लवका संस्थापक अध्यक्ष रो.छत्रराज शक्यले २७ जना सदस्यहरुबाट स्थापना भएको क्लवको इतिहासका बारेमा जानकारी गराउँदै निस्वार्थ भावले समाज सेवामा समर्पित हुन नयाँ नेतृत्वलाई आग्रह गरे । क्लवलाई थप बलियो बनाउन र व्यक्तित्व विकासका लागि प्रभावकारी र रचनात्मक ढंगले काम गर्नुपर्नेमा उनले जोड दिए । विशिष्ट अतिथि एजी रो.सन्दीप रेग्मीले समाज परिवर्तनका लागि सकरात्मक सोंच र संकल्पका साथ अगाडि बढ्न नेतृत्वलाई आग्रह गरे । उनले रोटरी अब समाजमा जानुपर्ने भन्दै समाजलाई रोटरीको बारेमा जानकारी गराउनु अहिलेको आवश्यकता रहेको औंल्याए । अर्कोका एजी रो.रवी पोखरेलले डिष्ट्रिक गोल्डलाई आत्मसाथ गर्दै जिम्मेवार पूर्व काम गर्न क्लव पदाधिकारीहरुलाई आग्रह गरे । कार्यक्रममा एजी रो.महोनप्रसाद श्रेष्ठले क्लवको नयाँ नेतृत्वसँगै रिले दौड सुरु भएकाले सोही अनुसार इमान्दार भएर काम गर्नुपर्ने बताए । क्लवका पूर्व अध्यक्ष रो.शैलेन्द्र भट्टराईले रचनात्मक र प्रचारात्मक किसिमले काम गर्न नयाँ नेतृत्वलाई आग्रह गरे । अर्को पूर्व अध्यक्ष रो.कृष्णबहादुर रावलले रोटरीको विधि, विधान र प्रणाली भित्र रहेर सामाजिक सेवामा लाग्नुपर्नेमा जोड दिए । क्लवका पूर्व अध्यक्ष रो.प्रदिप उदयले क्लव स्थापना गर्दाको स्मरण गरेका थिए ।

*(...बाँकी अन्तिम पेजमा)*

## संक्षिप्त समाचार

### रामपुरमा एक वृद्ध मृत फेला



**पाल्पा,** असार १२/जिल्लाको रामपुरमा एक वृद्ध मृत फेला परेका छन् । मंगलबार विहान रामपुर नगरपालिका-३, चनौलीका ७० वर्षीय नरबहादुर गुरुङ सडक नालीमा मृत फेला परेका हुन् ।

आफ्नै घर नजिकै कच्ची सडकको नालीमा उनी मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी भुपेन्द्र थापाले जानकारी दिए । उनका अनुसार मृत फेला परेको सूचना पाउनासाथ प्रहरी चौकी केलादी र इलाका प्रहरी कार्यालय रामपुरबाट प्रहरी अनुसन्धान अधिकृत सहितको टोली खटिई प्रारम्भीक अनुसन्धानपछि शवलाई पोष्टमार्टको लागि रामपुर अस्पताल पठाइएको छ । घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## चट्याङको समयमा सतर्क रहौं ।

***चट्याङबाट बच्ने उपाय :***

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# ललिता निवास प्रकरणमा सात जना पक्राउ

**पाल्पा,** असार १२/ललिता निवासको जग्गा प्रकरणमा प्रहरीले सात जनालाई पक्राउ गरेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइवी)ले काठमाडौँका विभिन्न क्षेत्रबाट उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भाटभटेनी सुपरमार्केटका संचालक मिनबहादुर गुरुङ, पूर्वसहसचिव कलाधर देउजा, पूर्वउपसचिव भुपेन्द्रमणि केसी, सुरेन्द्रमान कपाली, धर्मप्रसाद गौतम, गोपाल कार्की , निर्वाचन आयोगका पूर्वआयुक्त सुधीरकुमार शाह छन् । सरकारी स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी गर्ने कार्यमा



संलग्न भएको अरोपमा उनीहरुलाई पक्राउ गरिएको हो । डेढ वर्षअघि महान्यायाधीवक्ताको हस्तक्षेपका कारण रोकिएको अनुसन्धान प्रहरीले अहिले अघि बढाउन थालेको हो । स्रोतका अनुसार त्यो घटनामा जोडिएका अरु केही व्यक्तिहरुको पनि प्रहरीले खोजी गरिइरहेको छ । ललिता निवासको जग्गा अनियमितता‍मा सुरुमा अख्तियारले अनुसन्धान थालेको थियो । उसले दायर गरेको भ्रष्टाचार मुद्दा विशेष अदालतमा विचाराधीन छ । अख्तियारले भ्रष्टाचार बाहेक ठगी र सरकारी कागजात किर्ते गरेको अभियोगमा समेत अनुसन्धान गर्नुपर्ने भनी राय तयार गरेको थियो । महान्यायाधीवक्ता कार्यालयले ठगीमा मुद्दा चल्न नसक्ने भनि फाइल बन्द गरिसकेको छ ।

**-बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## लोक बाजा संरक्षण गर

पछिल्लो समय नेपाली समाजमा लोक बाजा हराउँदै गएका छन् । हरेक चाडपर्व र उत्सवमा बजाइने पञ्चेबाजा हिजो आज निकै कम मात्रमा सुनिन थालेका छन् । आधुनिकतासँगै मनोरञ्जनका लागि अन्य साधनको प्रयोग बढ्दा ति मौलिकता खुम्चिँदै गएका हुन् । नयाँ पुस्तामा पञ्चेबाजाप्रति रूचि हराउँदै गएको छ । परम्परागत बाजा बजाउनेहरू व्यवसायिक बन्न नसक्दा बाजा नै लोप हुने अवस्थामा पुगेका छन् । केही समयअघिसम्म पञ्चेबाजा भन्ने बित्तिकै बालबालिकादेखि वृद्धवृद्धा सबै हुरुक्कै हुन्थे । तर आज भोलि भने बढ्दो आधुनिकताले पञ्चेबाजा ओझेलमा परेका छन् । नेपाली समाजमा हुने विवाह, व्रतबन्ध लगायत विभिन्न चाडबाड, जात्रा-उत्सव, मेला-महोत्सव, सभा-समारोहमा पञ्चेबाजा बजाउने गरिन्थ्यो तर यी बाजा पुस्तान्तरण नहुँदा लोप भएर एकादेशका कथा बन्ने संकेत देखिएको छ ।

हाम्रा पुराना र मौलिक लोक बाजा हराउनुको साथै बजाउने मान्छेको समेत अभाव देखिएको छ । यस्तो हुनु चिन्ताको विषय हो । लोक बाजा संरक्षण गर्ने दायित्व स्थानीय, प्रदेश र संघीय सरकार हो तर यसतर्फ तिनै तहका सरकारले ध्यान दिएको देखिदैन । बेला मौकामा राजनीतिक दलका नेता र जनप्रतिनिधिहरुले भाषणमा लोक बाजाको संरक्षणको कुरा गरे पनि व्यवहारमा त्यो लागु हुन सकेको छैन । आधुनिक बाजा प्रयोगले मौलिक नेपाली बाजा छायाँमा पर्दै गएको छ । पञ्चे बाजामा सहनाई, नर्सिंगा, ट्याम्को दमाहा, मुजुरालगायत नौवटा बाजा प्रयोग हुन्छ । ठाउँअनुसार नेपालको मौलिकता झल्काउने बाजा पनि फरक-फरक छन । कुनै ठाउँमा पञ्चेबाजामा नर्सिंगा प्रयोग होला त कतै कर्नाल । जहाँ जुन किसिमका बाजा प्रयोग भएपनि मौलिक बाजाहरू 'अल्पमत'मा परेको यथार्थ जगजाहेरै छ । मौलिक बाजा हराउँदै जानुको पहिलो कारण त बाजाप्रति युवापुस्ताको मोहभंग हुनु हो भने दोस्रो कारण अहिले पनि हाम्रो समाजमा बाजा बजाउनेलाई दोस्रो दर्जाको नागरिकका रुपमा व्याख्या गर्ने प्रवृत्ति छ । यो गलत हो । कुनै समय एउटा मात्रै जातका मान्छेले बजाउने बाजामा अहिले सबै समुदाय सहभागी भएपनि समाजको हेराइमा अझै परिवर्तन आउन सकेको छैन । कतिपय ठाउँमा बाजा बजाउनेलाई उचित पारिश्रमिक दिए पनि केही ठाउँमा श्रमअनुसार पारिश्रमिक दिने प्रवृत्तिको विकास अझै भइसकेको छैन । यसले गर्दा पनि लोक बाजा हराउने अवस्थामा आइपुगेको हो । यसर्थ मौलिक लोक बाजाहरुलाई जोगाई राख्न अब स्थानीय सरकारसँगै प्रदेश र संघीय सरकारले समेत उचित कदम चाल्न जरुरी छ ।

### Opinion @ Social Network

यथार्थ नबुझी अर्थ लगाउने समाजमा
मन दुखाएर हैन मन बुझाएर हाँस्न अनि बाच्नु पर्दोरहेछ ।
(कमला गोदारको फेसबुक स्टाटस https://www.facebook.com/Kamala.godar)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अराजकता र अव्यवस्थाले कोरिरहेको राज्य यन्त्रको कुरुप चित्र



**खिमलाल देवकोटा**

*अराजकता र अव्यवस्थाको हद योभन्दा माथि हुन्छ जस्तो लाग्दैन । आशा गरौं, यो अव्यवस्थाले व्यवस्था नै जन्माउनेछ । न्यायालय राज्यको जिम्मेवार अंग मात्रै हैन, सबैलाई अनुशासन सिकाउने र त्यसमा बाँध्ने पनि निकाय हो । तर प्रधानन्यायाधीशले मन्त्रीको भाग माग्न थाले । राजनैतिक र संवैधानिक नियुक्तिमा हिस्सेदारी खोजे र संसद विघटन गर्न उक्साए । मनोमानी बेन्च गठन गरे । यसरी संविधानको मर्म मार्ने इरादाबाट आरम्भ भएको अराजकता प्रधानन्यायाधीशका विरुद्ध महाअभियोगसम्म पुग्यो । अहिले त्यो स्वरुप प्रधानन्यायाधीशका विरुद्ध बहालवाला न्यायाधीशको उजुरीसम्म पुगेको छ । आफ्ना कुण्ठा पोख्न संसदीय सुनवाइ समितिमाथि व्यक्त आक्रोश र अराजकता कुनै सभ्य समाजमा कल्पना गर्न सकिने विषय हैनन् । तर हामी भोग्दैछौं । यी र यस्ता विषय उद्धृत गर्न लायक विषय भित्र पनि पर्दैनन् । प्रहरी प्रशासनको ज्यादती अहिले सुषुप्त अवस्थामा देखिन्छ तर विगत कोट्याउँदा सबै कुराको पर्दाफास हुन्छ ।*

डिसअर्डर वा अव्यवस्था पूँजीवाद वा नवउदारवादको अन्तरनिहित चरित्र नै हो भन्ने मार्क्सवादीहरूको दाबी छ । उनीहरू चरम अराजकता वा अव्यवस्थाबाटै व्यवस्था जन्मने विश्वास गर्छन् । त्यसैले निराश हुन जरूरी नभए पनि हामीले अराजकताको पनि सीमा हुन्छ भन्ने भुल्नुहुँदैन । अराजकता अस्थायी हुन्छ र जब त्यसको अन्त्य हुन्छ, तब व्यवस्था आरम्भ हुन्छ । यो मार्क्सवादी विश्वासलाई आधार मान्ने हो भने नेपालमा त्यो हदको अराजकता वा अव्यवस्थाको सक्कली रूप यत्रतत्र सर्वत्र देखा पर्दैछ । अराजकता यही रफ्तारमा विकास हुने हो भने अराजकता र अव्यवस्था छिट्टै उत्कर्षमा पुग्नेछ, र यसको अन्त्य हुनेछ । योसँगै सही व्यवस्थाको आरम्भ हुनेछ भन्ने विश्वास गर्न सकिन्छ ।

अराजकताको आरम्भ टुप्पीदेखि पैतालासम्मै देखिन्छ । राष्ट्रपति मुलुकको मर्यादाक्रममा पहिलो नागरिक हुन् । उनले नै संघीय संसदका दुवै सदनबाट पारित भई पेश गरिएको नागरिकता विधेयक प्रमाणीकरण गरिनन् । पहिलो पटक फिर्ता गरिन् । संविधान बमोजिम दोस्रोपटक प्रमाणीकरण गर्नैपर्ने बाध्यात्मक संवैधानिक व्यवस्था विपरीत राष्ट्रपतिबाट उक्त विधेयक प्रमाणीकरण भएन । निर्वाचन कार्यक्रम असमयमा प्रकाशन भयो, संसद सकियो । विधेयक प्रमाणीकरण नगर्ने राष्ट्रपतिलाई महाअभियोग लगाउन संसद छैन । संविधान बमोजिम आमाको नामबाट नागरिकता दिने कुरा, गैरआवासीय नागरिकता र जन्मसिद्धका सन्तानले नागरिकता प्राप्त गर्ने कुरामा ठूलो अल्झन भयो । अघिल्लो राष्ट्रपतिले बिथोलेको संवैधानिक अराजकता पछिल्लो राष्ट्रपति र अदालतको आदेशबाट सच्चियो । चरम अराजकता र अव्यवस्थाको अन्त्यसँगै व्यवस्थाको आरम्भ भयो । अब कोही पनि राष्ट्रपतिले संसदले पारित गरेको विधेयक प्रमाणीकरण नगर्ने दुस्साहस नगर्ने गरी व्यवस्था बस्यो । राष्ट्रपतिपछिको कार्यकारी अंग सरकार पनि अव्यवस्था खडा गर्नमा कम देखिएन । दिनमा तीन पटक अध्यादेश जारी हुने घटना आलै छ । संविधानले प्रधानमन्त्रीको प्राधिकार अन्त्य गरिसक्दा पनि संसद विघटन गर्ने दुस्साहस देखाउने काम भयो । यहींबाट आरम्भ भएको अराजकताको शृङ्खला सरकारको बहुमत कतिले पुग्छ भन्ने हिसाब गरेर दल त्याग ऐन संशोधन गर्ने अध्यादेश जारी गर्ने परिघटनासम्म हेरे पुग्छ । सरकार यो वा त्यो हैन सबै आफ्नो स्वार्थ पूर्ति गर्ने हदसम्म देखा परे । सरकार जसरी पनि प्राप्त गर्ने, प्राप्त गरेको सरकार जसरी पनि टिकाउने, आफ्नो सरकार टिकाउन नसके अर्काको सरकार जसरी पनि ढाल्ने अभ्यास नेपालको सन्दर्भमा नयाँ हैन । सिद्धान्त, एजेन्डा र शक्ति बाँडफाँटमा आधारित गठबन्धनसम्म देख्यौं । सरकार अब कुर्सीको बार्गेनिङमा भासिएको छ । अराजकता यतिमै सीमित छैन । सरकारमा सामेल छ, महत्वपूर्ण मन्त्रालय पनि सम्हालेको छ तर औपचारिक रूपमा संसदको रोष्ट्रममा उभिएर भन्छ- 'बजेट पास हुँदैन ।' बजेट पास नहुँदा सरकार ढल्छ भन्ने उसलाई राम्ररी थाहा छ । बजेट पास हुँदैन भन्नलाई सरकार छाड्नुपर्छ भन्नेसम्मको नैतिकता पनि आवश्यक ठानिंदैन । लाजै नमानी सरकारमा बसेर सरकारकै विरुद्ध विषवमन गर्ने हदसम्मको अराजकता सरकारका प्रतिनिधिहरू नै प्रदर्शन गर्दैछन् । यो कुनै व्यवस्थाको कुरा हैन । यो त हद दर्जाको अव्यवस्था हो । यो अव्यवस्थाको अन्त्य अवश्यंभावी छ र व्यवस्थाको आरम्भ हुनेछ । संसद सार्वभौमसत्ताको प्रयोग गर्ने थलो हो । त्यहाँ दैनिकजसो रत्यौली मञ्चन हुन्छ । संसद चलाउने नियम उनीहरूले नै बनाएको हो । तर त्यसको उल्लंघन उनीहरू नै गर्दछन् । संसद जनताको मनको आवाज बोल्ने भन्दा आफ्ना मनका कुण्ठा पोख्ने थलो बनाइएको छ । संविधान, कानुन, नियम, परम्परा र न्यूनतम मर्यादा रत्तिभर पनि पालना भएको देखिंदैन । लाइभ प्रसारण हुने ती दृश्यहरू हेर्दा टीभी बन्द गर्नुपर्ने, शिर लाजले निहुराउनुपर्ने र लाज पनि लजाउने हालतमा पुऱ्याइएको छ ।

संसद देश र जनताका आवाज बुलन्द गर्ने र उनीहरूको हितमा नीति बनाउने थलो हैन आफ्ना कुण्ठा र आक्रोश पोख्ने थलोमा परिणत भएको छ । अराजकता र अव्यवस्थाको हद योभन्दा माथि हुन्छ जस्तो लाग्दैन । आशा गरौं, यो अव्यवस्थाले व्यवस्था नै जन्माउनेछ । न्यायालय राज्यको जिम्मेवार अंग मात्रै हैन, सबैलाई अनुशासन सिकाउने र त्यसमा बाँध्ने पनि निकाय हो । तर प्रधानन्यायाधीशले मन्त्रीको भाग माग्न थाले । राजनैतिक र संवैधानिक नियुक्तिमा हिस्सेदारी खोजे र संसद विघटन गर्न उक्साए । मनोमानी बेन्च गठन गरे । यसरी संविधानको मर्म मार्ने इरादाबाट आरम्भ भएको अराजकता प्रधानन्यायाधीशका विरुद्ध महाअभियोगसम्म पुग्यो । अहिले त्यो स्वरूप प्रधानन्यायाधीशका विरुद्ध बहालवाला न्यायाधीशको उजुरीसम्म पुगेको छ । आफ्ना कुण्ठा पोख्न संसदीय सुनुवाइ समितिमाथि व्यक्त आक्रोश र अराजकता कुनै सभ्य समाजमा कल्पना गर्न सकिने विषय हैनन् । तर हामी भोग्दैछौं । यी र यस्ता विषय उद्धृत गर्न लायक विषय भित्र पनि पर्दैनन् । प्रहरी प्रशासनको ज्यादती अहिले सुषुप्त अवस्थामा देखिन्छ तर विगत कोट्याउँदा सबै कुराको पर्दाफास हुन्छ । नक्कली भुटानी प्रकरणमा देखिएको अराजकतामा तत्कालीन प्रधानमन्त्रीका पीए, गृहमन्त्रीका सपरिवारको संलग्नताले अव्यवस्थाको पुष्टि गर्छ । गृहका सचिवको अगुवाइमा त्यत्रो राज्य विरुद्धको अपराध हुन्छ । अराजकता र अव्यवस्थाको जाँचबुझ गर्ने सबै कुराको नेकिवधि राख्ने निकाय अख्तियार, विशेष प्रहरी बार्गेनिङ गर्ने थलोमा परिणत भएका छन् । सो कुरा आयुक्तहरू नै दण्ड भोगिराखेको कुराले प्रष्ट गर्दछ । हालका अख्तियार प्रमुखको गृह सचिव हुँदाका बखत नक्कली भुटानी प्रकरणमा संलग्नता रहेको भन्ने सूचनाहरूले सबै कुरा छर्लङ्ग भएको छ । उपरोक्त विवरणका आधारमा निष्कर्ष निकाल्ने हो भने राज्य यन्त्र पूराका पूर अव्यवस्था सिर्जना गर्ने यन्त्र बनेका छन् । राज्यको ढुकुटी सम्हालेकाहरू ढुकुटी हसुर्ने, सुरक्षाको जिम्मा लिएकाहरू असुरक्षाको व्यापार गर्ने, बिजुली अड्डा बिजुलीको व्यापार होइन, लोडसेडिङको व्यापार गर्ने हालतबाट गुज्रेका छन् । हाम्रो राज्य यन्त्रको चित्र कुरूप छ । अराजकता र अव्यवस्था सिर्जना गर्ने कारक बनेको छ भन्न कतै कन्जुस्याइँ गर्नैं पर्दैन । यी सबैको जिम्मा राजनीतिक दलले लिनुपर्छ । सबैको जिम्मा लिने राजनीतिक दलहरूको हालत त्योभन्दा असल छैन । राजनीति कमाइ धन्दा मात्रै हैन लुटिखाने धन्दा भएको छ । निर्वाचन भ्रष्टाचारको मात्रै हैन अपराधको पनि केन्द्र बन्न पुगेको छ । राजनीतिक आवरणमा जस्तासुकै अपराधी पनि सम्मानित र पुरस्कृत हुने अवस्थाको सिर्जना गरेका छन् । अपराध कर्ममा निर्वाचित, मनोनीत र नियुक्त मान्छेहरूकै संलग्नता हावी छ । निर्वाचित, मनोनयन र नियुक्त गर्ने काम घुमाई-फिराई राजनीतिकै हो । त्यसैले आजसम्म सिर्जना भएका अराजकता र अव्यवस्थाहरूको जिम्मा राजनीतिले लिन जरूरी छ । ती अव्यवस्थाको जननी समेत राजनीति भएका कारणले राजनीतिमा शुद्धीकरण, राजनीतिमा आत्मसात् र राजनीतिमा आमूल परिवर्तन गर्ने हिम्मत र आँटको आरम्भ हुन जरूरी छ, यो काम पनि चरम अराजकता वा अव्यवस्थाका बीचबाटै निष्कर्षमा व्यवस्थाको खोजी वा थालनी हुनेछ भन्न सकिन्छ । थ्यौरी अफ पर्सनालिटीका लेखक कार्ल जंग लेख्छन्, 'हरेक अव्यवस्था भित्र गोप्य व्यवस्था चलेको हुन्छ त्यही गोप्य व्यवस्था भनेको लोकतन्त्र हो । लोकतन्त्र यस्तो प्रकृतिको सरकार हो जहाँ अनेक प्रकारका अव्यवस्थाहरू मौलाएका हुन्छन् ।' यसै सन्दर्भमा अझ थप्दै उनी लेख्छन्, 'शान्ति र व्यवस्था कायम गर्न भन्दै हरेक राज्यमा पुलिस कार्यरत छ । सही अर्थमा पुलिसले अव्यवस्थाको सिर्जना चाहिं गर्दैन । तर दुर्भाग्यवश पुलिसले अव्यवस्था र अराजकताको संरक्षण गर्दछ ।'

कार्ल जंगले परिकल्पना गरेको अराजकताले नवउदारवाद र अन्यायी पूँजीवादको जन्म दिन्छ भन्ने कुरा स्वतः अनुमान गर्न सकिन्छ । नवउदारवाद र पूँजीवादले सिर्जना गर्ने राजनीति र राज्य व्यवस्थाको उच्चतम रूप नै यही हो भने अराजकता र अव्यवस्थाका बारेमा चिन्ता गर्नुको खास अर्थ त छैन । तर आशा गर्ने ठाउँ चाहिं यो छ कि हरेक अराजकता र अव्यवस्थाबाटै सही व्यवस्था जन्मन्छ । यही कुरा सही हो भने अव्यवस्था र अराजकताको चरम उत्कर्षसम्म कहर काटेर भए पनि सहौं । व्यवस्था जन्मनु त अनिवार्य शर्त नै हो । बरु त्यतिबेला त्यो व्यवस्थामा नै अव्यवस्थाबाट सिर्जित सबै खाले परिणामहरूको क्षतिपूर्ति गरौंला । नेपालको सन्दर्भमा देखा परेको अराजकता र अव्यवस्था त्यही स्तर र शैलीको हो कि हैन ठेगान गर्न जरूरी छ । अराजकता र अव्यवस्था चरमोत्कर्षमा पुगेको हो भने अब निकट भविष्यमा व्यवस्था आउनेछ र शान्तिको सास फेरौंला भनेर कुरेर बसौं । हैन, अझै अराजकता र अव्यवस्थाको हद पुगेको छैन भने अझै कहर काट्न र खप्न तयार भएर बसौं । यो बाहेक अर्को विकल्प नै पो के छ र ! तर साँचो कुरा के हो भने सास छउन्जेल आश छाड्न हुँदैन । जस्तासुकै बलवान अराजकता पनि चिरस्थायी भएका छैनन् भने यो शक्ति विनाको अराजकता र अव्यवस्थाको गन्तव्य सुखद छैन । आशा र सुखद सन्देश सहित जिउने बानी बसालौं । ***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कला र गलाको प्रभाव बढ्नेछ । अचल सम्पत्ति हात पर्ने योग छ । | **तुला** : नयाँ वस्त्र प्राप्ति हुनेछ । सामाजिक र धार्मिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **वृष** : आफ्नो विचार विपरित निर्णय हुनेछ । कामहरू अधुरै रहलान् । | **वृश्चिक** : राजनीति अधिकारमा सफलता मिल्नेछ । प्रभावित पारेर काम बन्नेछ । |
| **मिथुन** : नयाँ कामको थालनी हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : शिक्षामा सफलता मिल्ला । धनमाल पनि हात लाग्न सक्नेछ । |
| **कर्कट** : अतिथिको रूपमा सत्कार पाइएला । आफन्तको सहयोग प्राप्त हुनेछ। | **मकर** : चिन्ताले सताउनेछन् । नजिकका व्यक्तिहरुसँग झगडा पर्न सक्नेछ । |
| **सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य क्षेत्रमा प्रगति हुनेछ । | **कुम्भ** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । व्यवसायमा लाभ नै मिल्नेछ । |
| **कन्या** : मनमा शंका उत्पन्न हुनेछ । अनावश्यक धन खर्च हुनेछ । | **मीन** : लगानीको वातावरण बन्नेछ । मुद्दा मामिलामा सफलता पाइनेछ । |

मनोरञ्जन

# प्रदीपलाई लिएर 'लिलिबिली २' बन्ने



अभिनेता प्रदीप खड्कालाई धमाधम फिल्मको अफर छ । 'क्यामिनो' छायांकनमा जाने टुंगो नलागेपछि उनी दिनेश राउतको 'एड्भेन्चर ड्रामा'मा व्यस्त छन् । पोखरामा अहिले यो फिल्मको कार्यशाला चलिरहेको छ । यसबाहेक आशुसेन फिल्म्सको आगामी प्रोजेक्टमा पनि उनी हुनेछन् । निर्मात्री कृषा चौलागाईंले पनि उनलाई एक फिल्मको अफर गरेको बुझिएको छ ।

यस्तोमा २०७५ सालमा रिलिज भएको प्रदीप स्टारर 'लिलिबिली'को दोस्रो श्रृंखला निर्माण हुने भएको छ । निर्देशक मिलन चाम्सले आगामी चैत वा वैशाखदेखि यो रोमान्टिक ड्रामाको छायांकन सुरु हुने बताए । यो फिल्मलाई लिएर प्रदीप र निर्माता सुदीप खड्काबीच छलफल भएको छ ।

फिल्मका लागि अहिलेसम्म प्रदीप मात्र फाइनल भएको उनले जनाए । फिल्ममा अभिनेत्री जसिता गुरुङ हुने छैनन् । नयाँ अभिनेत्री लिने तयारी भइरहेको बुझिएको छ । यो फिल्मको पटकथा प्रदीप भारद्वाजले लेखिरहेका छन् । 'त्यतिबेलाको आन्तरिक विवादलाई पन्छाउने हो भने यो त्यतिबेलाको हिट फिल्म हो,' निर्देशक चाम्सले भने, 'निर्माताको हिसाबबाट यो फिल्म निश्चित भइसकेको छ ।' 'लिलिबिली'को दोस्रो श्रृंखलाअघि निर्देशक चाम्स 'वर एण्ड वधु'को छायांकनलाई पूर्णता दिन चाहन्छन् । यसबाहेक 'क्याप्टेन अन्जिला' पनि छायांकनको तयारीमा छ ।

*-अनलाइन खबर डटकम*

# ३६ दिनमा प्याकअप भयो निश्चलको 'दिमाग खराब'




६ वर्षपछि निर्देशनमा फर्किएका सेलिब्रेटी निर्देशक निश्चल बस्नेतले ३६ दिनमा फिल्म 'दिमाग खराब'को छायांकन पूरा गरेका छन् । सोमबार काठमाडौंको पिंगलास्थानस्थित नेपाल फिल्म क्याम्पसमा फिल्मको अन्तिम सिन खिचिएको हो । सेड्युल (४० दिन) भन्दा ४ दिन अगावै 'प्याकअप' भएको फिल्मको काभ्रेको पाँचखाल क्षेत्र र काठमाडौंको विभिन्न स्थानमा छायांकन गरिएको छ ।

फिल्मकी प्रमुख अभिनेत्री स्वस्तिमा खड्काले फेसबुकमा सेअर गरेको सुटिङ 'प्याकअप'पछिको सामुहिक तस्विरको पृष्ठभूमिमा लोकतान्त्रिक जनविश्वास पार्टीको बोर्ड देखिन्छ । यसले फिल्म राजनीतिक विषयमा आधारित रहेको बुझाउँछ । जनता र शक्तिको कथामा बनेको फिल्म आगामी कात्तिक २४ गते प्रदर्शन हुँदैछ । निश्चलको कमब्याक फिल्म भएकाले दर्शकमा अपेक्षा उच्च छ । फिल्ममा स्वस्तिमाका साथै खगेन्द्र लामिछाने, दयाहाङ राई, अर्पण थापा र विजय बरालको मुख्य भूमिका रहेको छ । स्वस्तिमाले पहिलो पटक श्रीमान् निश्चल बस्नेतको निर्देशनमा फिल्ममा काम गरेकी हुन् । उनीहरुले यसअघि आधा दर्जनभन्दा बढी म्यूजिक भिडियोसँगै फिल्म 'घामड शेरे'मा एकसाथ अभिनय गरेका थिए । 'दिमाग खराब'मा आकाश बरालको पटकथा लेखन रहेको छ । ब्ल्याक हर्स पिक्चर्स र सिनेमा आर्टस्को ब्यानरमा निर्माण हुने फिल्ममा निमेष श्रेष्ठको सम्पादन, सुशन प्रजापतिको छायांकन, जयन के वाइवा र कालीप्रसाद बाँस्कोटाको संगीत रहनेछ । फिल्मको निर्मातामा रौनक विक्रम कँडेल र कार्यकारी निर्मातामा सुरज बम ठकुरी छन् ।

निश्चलले आफ्नो दोस्रो फिल्म 'टलकजंग भर्सेस टुल्के' रिलिज लगत्तै 'दिमाग खराब' निर्माणको घोषणा गरेका थिए ।

*-फिल्मी खबर डटकम*

# 'बगान' गीतमा भावुक भइन करिश्मा



फिल्म 'बगान'को गीत सार्वजनिक भएको छ । 'न वारमा छु, न पारमा छु' बोलको यस गीतमा सुरेश वाग्लेको शब्द रचना, हरी लम्सालको संगीत र अञ्जु पन्तको स्वर छ । गीतमा अभिनेत्री करिश्मा मानन्धरको अभिनय छ ।

यस गीतको भिडियोमा बगान का दृश्यहरु समावेश छन् । काखे छोरी हुर्काउँदै एकल जीन्दगी बिताउनु पर्दाका विभिन्न भोगाईहरु यो गीत हेर्दा महशुस हुन्छ । पर्दामा अभिनेत्री मानन्धरलाई एकल महिलाको भूमिका निभाएकी छन् । यो फिल्मलाई अभिनेता सरोज खनालले निर्देशन गरेका छन् । फिल्ममा सरोज खनाल, करिश्मा मानन्धर, आकाश श्रेष्ठ, नव अभिनेत्री प्रमिला कार्कीसँगै नीर शाह, बसुन्धरा भुषाल र मिथिला शर्मा लगायतको अभिनय रहेको छ । स्वप्न नीरवको कथामा आधारित रहि बनेको यो चलचित्रबाट अभिनेता खनालले निर्देशनमा र अभिनेत्री कार्कीले अभिनयमा डेब्यु गरेका हुन् । बगान यही असार २९ गतेबाट रिलिज हुँदैछ ।

*-रमाइलो छ डटकम*

# डिजिटल प्रविधिमय बन्यो नेपाली चलचित्र

> *"नेपाली चलचित्रको लागि आफ्नै सर्भर बनाउँ भनेर अष्ट्रेलियन कम्पनीसँग सफ्टवेयर र सिङ्गापुरको कम्पनीसँग हार्डवेयर लिएर डिसिएन सर्भरको सुरु गऱ्यौं । त्यसपछि भारत जानुपर्ने समस्याबाट छुटकारा मिल्यो । यद्यपि चलचित्र भवनमा नेपाली र विदेशीको लागि छुट्टाछुट्टै दुई सर्भर थिए । त्यहाँबाट नयाँ समस्या पुनः देखियो", निर्देशक शर्माले भने,"हामीले पुनः युएफओसँग कुरा गऱ्यौं । नेपालमै इनकोडिङ गर्न मिल्ने सफ्टवेयरको माग गऱ्यौं । त्यसवापत हामीले रोयल्टी तिर्ने तय भयो ।" अहिले नेपालमै सम्पूर्ण प्रविधिमा इनकोडिङ हुन्छ । त्यही चलचित्रलाई विश्वभर प्रदर्शन गर्न सकिन्छ । डिजिटल सिनेमा इनिसेटिभ (डिसिआई) ढाँचामा रहेका चलचित्र विश्वभर अन्य सर्भरमा समेत प्रदर्शन गर्न सकिन्छ ।*

अहिलेको समय डिजिटल प्रविधिमय छ । नेपाली चलचित्रको निर्माणदेखि प्रदर्शनसम्मका हरेक गतिविधि 'डिजिटल प्रविधि' मै हुन्छ । यो समयसम्म आउन नेपाली चलचित्रले सेलुलाइड युगलाई पार गरेको थियो । त्यतिबेला चलचित्रको चारदेखि पाँच प्रिन्ट तयार गरेपछि प्रदर्शन गरिन्थ्यो । एउटा चलचित्र भवनबाट अर्को चलचित्र भवनमा चलचित्र प्रदर्शन गर्न समय हेरफेर गर्नुपर्ने अवस्था थियो । प्रिन्टको संख्या बढाउँदा निर्माण लागत पनि बढ्ने भएकाले सिमित प्रिन्टबाट समय हेरफेर गरेर चलचित्र प्रदर्शन गरिन्थ्यो ।

सिमित प्रिन्ट मोफसलमा प्रदर्शन भएर काठमाडौं आउँदा कोरिने, प्वाल पर्नेलगायतका समस्या हुँदा कतिपय चलचित्र भवनमा धमिलो देखिन्थ्यो । सोह्र मिलिमिटरमा खिचेर ३५ मिलिमिटरमा प्रदर्शन गर्दा गुणस्तरीयतामा कमि आउथ्यो । यसले गर्दा शहरिया दर्शकको रोजाइमा नेपाली चलचित्र कम पर्न थाल्यो । सोही मूल्यमा हेर्न पाइने विदेशी चलचित्रको गुणस्तरीय थियो । ध्वनि, छायांकन, प्रदर्शनमा देखिएको समस्यालाई महसुश गरिरहेका निर्माता तथा निर्देशक अशोक शर्माले नेपाली चलचित्रलाई डिजिटलतर्फ मोडे । "हामीले जुन गुणस्तरको चलचित्र ल्याइरहेका थियौं, त्यसले लामो समय निरन्तरता दिन गाह्रो छ भन्ने मलाई लागेको थियो", निर्देशक शर्माले भने,"किनकी हामीले फड्को मार्न सकिरहेको थिएनौं । अन्य देशको चलचित्र उद्योगमा भइरहेको रुपान्तरण हामी कहाँ हुने सम्भावना नै थिएन ।"

उनले चलचित्र निर्माणको सुरुआत ३५ मिलिमिटरबाट गरिएको भएता पनि लगानी कम गर्न १६ मिलिमिटर हुँदै भिडिओ चलचित्र बन्न थालेपछि शहरिया दर्शक निकै घटेको बताए । त्यसै क्रममा जय नेपाल चलचित्र भवनलाई नयाँ स्वरूपमा सञ्चालन गर्ने तयारीमा रहेका भाष्कर ढुंगानासँग निर्देशक शर्माको भेट भयो । "दर्शकलाई सुविधा दिने, त्यही स्तरको चलचित्र प्रदर्शन गर्ने योजना रहेको मैले थाहा पाएँ । चलचित्र भवनमा नआइरहनुभएका दर्शकलाई लक्षित गर्दै जय नेपाल नयाँ स्वरूपमा तयार भइरहेको थियो", निर्देशक शर्माले भने । सुरुआती समयमा त्यहाँ विदेशी चलचित्रको मात्र प्रदर्शन गरियो । तैपनि लक्षित दर्शक हलसम्म आएनन् ।

यस्तो हुनमा चलचित्र भवनप्रतिको सोच रहेको निर्देशक शर्माको बुझाइ थियो । "जय नेपालमा नेपाली चलचित्र चलोस् भने मेरो प्रयास हुन्थ्यो । मैले आफ्नो दबाबमा त्यहाँ सुख दुःख चलचित्र चलाउन लगाएँ", उनले भने । नेपालभर सफलताको नयाँ रेकर्ड बनाइरहेको चलचित्र हेर्न सो चलचित्र भवनमा दर्शक आएनन् । त्यसपछि उनलाई नेपाली चलचित्रको निर्माण र कथ्य शैली परिवर्तन आउनुपर्छ भन्ने लाग्यो । त्यही क्रममा डिजिटल प्रविधिको आवश्यकता महसुश भएको निर्देशक शर्माको भनाइ थियो । भारतमा सन् २००५ मा भित्रिएको डिजिटल प्रविधिलाई नै नेपालको लागतसँग मिल्दो पाएपछि नेपाल ल्याईयो । "हामीले डिजिटल प्रविधिमा चलचित्र बनाएमा दर्शकले खोजिरहनु भएको नयाँ शैलीको सुरुआत हुन्छ भनेर प्रविधिलाई नेपाल ल्यायौं । जय नेपालमा डिजिटल प्रविधिबाट प्रदर्शनको सुरुआत भयो", निर्देशक शर्माले भने । डिजिटल प्रविधि भित्रिएपछि उनले प्रदर्शक ढुंगानासहित केही व्यक्तिसँग मिलेर 'डिजिटल सिनेमा नेपाल (डिसिएन)' को सुरुआत गरे । प्रविधि नेपाल भित्रिएसँगै निर्माता तथा निर्देशकका लागि जानकारी दिन 'प्रदर्शनी' को आयोजना गरियो । त्यसपछि जय नेपालमा हलिउड र बलिउडका चलचित्र डिजिटल प्रविधिमै देखाइयो । तर, नेपाली चलचित्रको निर्माणमा परिवर्तन आएको थिएन । सेलुलाइड प्रविधिमै निर्माण हुँदा त्यसको प्रदर्शन अन्य प्रविधिमा सम्भव थिएन । "हामीले डिजिटल प्रविधिलाई प्रवर्द्धन गरिरहदा पुराना प्रविधिका ल्याबहरूले समस्या उत्पन्न गरे । यसले विदेशी चलचित्रलाई नेपालमा फाइदा पुग्छ पनि भने, बद्नाम गर्न खोजे । त्यही कारण पनि प्रविधिको गुणस्तरियता बुझाउन हाम्रो डिसिएनकै केही साथीहरुले 'कागवेनी' चलचित्र निर्माण गरे । त्यसका लागि छायांकन गर्ने क्यामेरादेखि सम्पादन गर्ने कम्प्युटरसम्म तयार गऱ्यौं", निर्देशक शर्माले भने । टेलिभिजनकर्मी भूषण दाहालले निर्देशन गर्नुभएको 'कागवेनी' चलचित्रले नयाँ कथ्य शैली र दृश्य भाषालाई प्रस्तुत गऱ्यो । त्यहाँ परम्परागत प्रस्तुतीकरण थिएनन् नत हिरो भन्ने शब्दसँग मिल्दो भाष्य । त्यसले दर्शकलाई केही हदसम्म नेपाली चलचित्रको नयाँ युगसँग परिचित गरायो । निर्माता तथा निर्देशकसँगै प्रदर्शकले पनि भिन्न महसुस गरे । बढिरहेका दर्शकले समाजसँग जोडिएको चलचित्र पर्दामा पाए । आफ्नै समाजमा देखिएको पात्रलाई हिरोको रुपमा पाउँदा दर्शक 'कनेक्ट' भए । पर्दामा देखिने हिरोको बारेमा स्थापित भाष्य भन्दा फरक देखिए । किनकि ती समाज र त्यहाँ रहेका हिरोलाई प्रतिनिधित्व गर्दा पर्दासम्म पुगेका आभास दिलाउने थिएँ ।

"डिजिटल प्रविधिलाई रोकेर नेपाली चलचित्रको भविष्य कल्पना गर्न सकिन्थेन । म विश्वस्त थिएँ । मैले यसको विकल्प छैन भनेर धेरैलाई भने", निर्देशक शर्माले भने,"त्यसपछि हामीले डिसिएनमा निर्माता तथा निर्देशकलाई सेयरमा राख्यौं । उहाँहरुलाई चलचित्र निर्माणमा सघाउन थाल्यौं ।" चलचित्र निर्माणमा निर्मातालाई सघाए भैँ प्रदर्शकलाई पनि सो प्रविधि चलचित्र भवनमा प्रविधि जडान गरेवापत भाडा लिने गरेको उनले जानकारी दिए । लागत कम परेपछि विस्तारै चलचित्र भवनमा डिजिटल प्रविधि जडान भए । सोही समयमा गोपीकृष्ण मुभिजले समेत 'क्युब डिजिटल' सर्भर नेपाल भित्रायो । दुई सर्भर भएपछि नेपालभर डिजिटल प्रविधि जडान हुन् समय लागेन । "निर्माण र प्रदर्शन डिजिटलले सहज भएपछि नेपालभर एकसाथ चलचित्र प्रदर्शन हुन् थाले । विदेशीकै तुलनामा नेपाली चलचित्र पाइएपछि दर्शक बढे", निर्देशक शर्माले भने,"प्रविधिको विकासले निर्माण बढ्यो । किनकी एकसाथ नेपालभर प्रदर्शन हुँदा नयाँ र गुणस्तरीय चलचित्र दर्शकसम्म पुग्यो ।" नेपालमा युएफओ र क्युब डिजिटलको सर्भर भएर प्रिन्टबाट निर्माताले छुटकारा पाए पनि प्रविधिमा चलचित्र 'इनकोडिङ' गर्न भारत जानुपर्थ्यो । सुरुआती समयमा सहजता देखिए पनि विस्तारै त्यो समस्याको रुपमा विकसित हुँदै गयो । नेपालमै त्यसको समाधान गर्ने खोज हुन थाल्यो । "नेपाली चलचित्रको लागि आफ्नै सर्भर बनाउँ भनेर अष्ट्रेलियन कम्पनीसँग सफ्टवेयर र सिङ्गापुरको कम्पनीसँग हार्डवेयर लिएर डिसिएन सर्भरको सुरु गऱ्यौं । त्यसपछि भारत जानुपर्ने समस्याबाट छुटकारा मिल्यो । यद्यपि चलचित्र भवनमा नेपाली र विदेशीको लागि छुट्टाछुट्टै दुई सर्भर थिए । त्यहाँबाट नयाँ समस्या पुनः देखियो", निर्देशक शर्माले भने,"हामीले पुनः युएफओसँग कुरा गऱ्यौं । नेपालमै इनकोडिङ गर्न मिल्ने सफ्टवेयरको माग गऱ्यौं । त्यसवापत हामीले रोयल्टी तिर्ने तय भयो ।" अहिले नेपालमै सम्पूर्ण प्रविधिमा इनकोडिङ हुन्छ । त्यही चलचित्रलाई विश्वभर प्रदर्शन गर्न सकिन्छ । डिजिटल सिनेमा इनिसेटिभ (डिसिआई) ढाँचामा रहेका चलचित्र विश्वभर अन्य सर्भरमा समेत प्रदर्शन गर्न सकिन्छ । "हामीले महापुरुष, छक्का पञ्जा ४ र जारी जस्ता चलचित्र यहीँ इनकोडिङ गरेर विश्वभर प्रदर्शन गऱ्यौं । यसले पाइरेसीको समस्यासँगै चलचित्र विदेश पुऱ्याउने झन्झट पनि हटायो", उनले भने । उनले विश्वमै नेपाल पहिलो पूर्ण डिजिटल प्रविधिमार्फत चलचित्रको निर्माण, वितरण र प्रदर्शन गर्ने देश रहेको बताए ।

"अन्य देशमा रिलमै खिचेर डिजिटल प्रविधिमा प्रदर्शन गरिन्छ भन्ने सुनिन्छ । तर नेपालमा सन् २०१५ सम्ममा पूर्ण रुपमा डिजिटल प्रविधिमा सम्पूर्ण काम हुन्थ्यो । यसलाई हामीले बुझाउनु जरुरी छ", निर्देशक शर्माले भने । उनका अनुसार अहिले नेपालभर नन टुके, टुके, फोरके लगायतका प्रविधि जडित एकसय ७५ चलचित्र भवन सञ्चालनमा छन् । 'कागवेनी' चलचित्रमार्फत नेपालमा 'डिजिटल यात्रा' को सुरुआत भएर विविध बाधा अड्चनलाई पार गर्दै निर्माण सहज, व्यवस्थित तथा व्यावसायिक भएको निर्देशक, निर्माताको भनाइ छ । यसले सुरुआतसँगै प्रिन्टको डब्बा लिएर चलचित्र भवन धाउनुपर्ने बाध्यता हट्यो । यसले एउटै समयमा नेपालभर चलचित्र प्रदर्शन गर्न सहजता दियो । यसले गर्दा काठमाडौंमा प्रदर्शनका निमित पालो पर्खिएका चलचित्रको लाइन घट्यो ।

*-रासस*

# तानसेनबाट श्रम स्वीकृति

**पाल्पा,** असार १२/जिल्लाको सदरमुकाम तानसेनबाट श्रम स्वीकृति दिन सुरु गरिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको परिपत्रअनुसार तानसेन नगर सरकारले नगरपालिकाबाटै श्रम स्वीकृतिको व्यवस्था गरेको हो ।



नगरपालिकाले पहिलो पटक तानसेनबाट श्रम स्वीकृतिको काम सुरु गरेको छ । नगरप्रमुख सन्तोषलाल श्रेष्ठले सेवाग्राही प्रेमबहादुर कार्कीलाई पहिलो पटक श्रम स्वीकृतिको निस्सा दिएर सेवाको शुभारम्भ गरेका हुन् । वैदेशिक रोजगारमा जाने युवायुवतीले यसअघि बुटवल वा काठमाडौं गएर यस्तो स्वीकृति लिनुपर्ने बाध्यता रहेको थियो । नगर सरकारले नगरबाटै श्रम स्वीकृति दिन थालेपछि भने त्यो बाध्यता हटेको छ । 'यसअघि अन्यत्रै गएर श्रम सम्बन्धी स्वीकृति लिनुपर्दा सेवाग्राहीलाई झन्झट हुन्थ्यो, लागत पनि बढी पर्थ्यो, तर अब नगरपालिकाबाटै सेवा सुरु भएपछि सहज हुन्छ, पैसा र समय दुवैको बचत हुन्छ । झन्झिटिलो पनि हुँदैन' नगर प्रमुख श्रेष्ठले भने । श्रम स्वीकृतिका लागि सम्बन्धित व्यक्तिले पासपोर्ट र भिसा सम्बन्धी कागजात लिएर आउनुपर्ने हुन्छ । सम्बन्धित व्यक्तिले ल्याएको कागजातका आधारमा रोजगार केन्द्रले स्वीकृतिका लागि आवश्यक सहजीकरण गरिदिने छ ।

सरकारले आगामी वैशाख १ गतेदेखि वैदेशिक रोजगारीका लागि सबै प्रकारको श्रम स्वीकृतिको आवेदन स्थानीय तहबाट भर्न सकिने व्यवस्था गरेको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गएको व्यक्तिगत श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिका लागि स्थानीय तहका रोजगार सेवा केन्द्रबाट नै आवेदन दिन सकिने व्यवस्था गर्ने गरेको थियो ।

श्रम मन्त्रालयको उक्त निर्णय अनुसार २०८० वैशाख ३ गतेबाट पालिका अन्तर्गतका रोजगार सेवा केन्द्रमार्फत वैदेशिक रोजगारीमा जानेको अनलाइनबाट श्रम स्वीकृतिको आवेदन दिन थालिएको हो ।

# बिहीबार सार्वजनिक बिदा

**पाल्पा,** असार १२/नेपाल सरकारले असार १४ गते बिहीबार सार्वजनिक बिदा दिएको छ । सरकारले इदका अवसरमा सार्वजनिक बिदा दिएको हो ।

सार्वजनिक
विदा

गृह मन्त्रालयले सार्वजनिक सूचना जारी गरी असार १४ गते बकर इद (ईद उल अजहा) पर्व भएकाले सार्वजनिक बिदा दिइएको जनाएको छ । मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माद्वारा जारी उक्त सूचनाका अनुसार नेपाल राजपत्रमा प्रकाशित गत चैत २ को सूचना अनुसार इस्लाम धर्मावलम्बिको पर्व बकर इद (ईद उल अजहा) भएकाले बिहीबार सार्वजनिक बिदा दिने निर्णय गरिएको छ । ईद उल अजाह अर्थात् बकर ईद मुस्लिम समुदायको महान पर्व हो । बकर इदको दिन नेपाली जामे मस्जिद, काश्मिरी मस्जिद लगायत देशभरका मस्जिद र इदगाहमा इस्लाम धर्मावलम्बीको निकै नै चहलपहल हुने गर्दछ । यस दिन नमाज पढिसकेपछि एक आपसमा अंकमाल गर्दै शुभकामना आदान प्रदान गर्ने गर्छन् । यस पर्वमा अल्लाहलाई खुसी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिने गर्दछन् ।

## समाजसेवामा प्रतिबद्ध रोटरी...

....कार्यक्रममा समिरमान सिंहले कार्यक्रमको रिर्पोटिङ गरेका थिए । २०२३-२४ का लागि आइपीपीमा रो. हरि रायमाझी, पिईमा रो. भिमबहादुर श्रेष्ठ, सचिव रो. शशि श्रेष्ठ, कोषाध्यक्षमा रो. विनायक महर्जन, सह-कोषाध्यक्ष रो. त्रिलोचन पौड्याल, सह-सचिवमा रो.समिरमान सिंह चयन भएका छन् । यस्तै क्लवको डाइरेक्टर पव्लिक रिलेसनमा रो. मनिषरत्न गुबाजु, डाइरेक्टर चेयर क्लव रो. बसन्तलाल बज्राचार्य, डाइरेक्टर मेम्वर चिफ रो.अजयमान कर्मचार्य, डाइरेक्टर सर्भिस प्राजेक्टर रो.डा.रचेल कारक, डाइरेक्टर द रोटरी फाउन्डेसन कमिटीमा रो.गंगराम नेपाल, प्रमुख सचेतकमा रो.सुरेशमान कर्मचार्य, आम सकेण्डमा रो.अरुण ज्ञवाली, इडिटर फस्ट रो.रमेशराज बज्राचार्य र इसडटर सेकेन्डमा रो.नारायण घिमिरे चयन भएको नवनिर्वाचित अध्यक्ष कार्कीले बताए ।

क्लवका निवर्तमान अध्यक्ष हरि रायमाझीको अध्यक्षता, नवनिर्वाचित अध्यक्ष यादवसिं कार्कीको धन्यवाद, सचिव भिमहादुर श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## ललिता निवास...

...दुई वर्षअघि सरकारी कागजात किर्तेको आरोपमा अनुसन्धान अघि बढे पनि मुद्दा दायर हुन सकेन । त्यतिबेला रोकिएको फाइल अहिले अघि बढेको हो । विसं २०४९ देखि २०६९ सम्ममा ललिता निवासको जग्गा लिखत कीर्ते गरी हिनामिना भएको सार्वजनिक भएको थियो । सोही प्रकरणमा सिआइवीले अनुसन्धान गरिरहेको छ । ललिता निवास प्रकरणमा यसअघि तीनसय जनालाई प्रतिवादी बनाएर ब्यूरोले जिल्ला सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको थियो । तर सरकारी वकिलको कार्यालयले थप अनुसन्धान गर्नुपर्ने जनाउँदै फाइल फिर्ता पठाएको थियो । त्यसपछि अनुसन्धान जारी रहेको बताए पनि थप प्रगति भएको थिएन ।


मनको आवाज............

'नाम पनि युनिक, काम पनि युनिक'

युनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

### विश्वकप क्रिकेटको खेल तालिका सार्वजनिक




**काठमाडौं,** असार १२/यसै वर्षको अक्टोबर-नोभेम्बरमा भारतमा हुने आईसीसी विश्वकप क्रिकेटको खेल तालिका सार्वजनिक भएको छ । विश्वकप अक्टोबर ५ मा सुरु हुनेछ भने फाइनल नोभेम्बर १९ मा अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा हुनेछ ।

आयोजक भारतले आफ्नो पहिलो खेल अक्टोबर ८ मा अस्ट्रेलियासँग चेन्नईमा खेल्नेछ । ४६ दिने प्रतियोगिताका लागि १० सहरका रंगशाला छनोट गरिएको छ । यस विश्वकपमा कुल १० टोलीको सहभागिता रहनेछ । आठ टोली यसअघि नै तय भइसकेका छन् । बाँकी दुई टोली को-को हुनेछन् भनेर छनोट खेल हुँदैछ । छनोट चरणको खेल जुलाई ९ मा सम्पन्न हुनेछ, त्यसपछि बाँकी दुई टोलीको टुङ्गो लाग्नेछ । यो विश्वकप राउण्ड रोबिनको आधारमा खेलाइनेछ । सबै टोलीले एकअर्कासँग खेल खेल्नेछन् । त्यसपछि शीर्ष चार टोलीले नकआउट चरण र सेमिफाइनलका लागि छनोट हुनेछन् । यसैगरी विश्वकप खेलका लागि छनोट भएका १० सहरमा हैदरावाद, अहमदाबाद, धर्मशाला, दिल्ली, चेन्नई, लखनऊ, पुणे, बेंगलुरु, मुम्बई र कोलकाता रहेका छन् ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# निस्दीले गऱ्यो २० वर्ष पुगी विवाह गर्नेलाई सम्मान



**पाल्पा,** असार १२/जिल्लाको निस्दी गाउँपालिकाले २० वर्ष पुगी विवाह गर्ने महिलाई नगदसहित सम्मान गरेको छ । पालिकाले समाजमा बढिरहेको बालविवाहलाई रोक्ने उद्देश्यले कक्षा १२ उत्तीर्ण गरी २० वर्ष उमेर पुगी विवाह गर्ने महिलालाई प्रोत्साहनस्वरुप नगद सहित सम्मान गरेको हो ।

पालिकाका भित्रका २५ जना महिलालाई प्रोत्साहन स्वरूप ८ हजार नगद र सम्मानपत्र प्रदान गरिएको गाउँपालिकाका अध्यक्ष मुक्तबहादुर सारुले जानकारी दिए । बालमैत्री गाउँपालिका घोषणाका लागि अभियानमा जुटेको पालिकाले बालविवाह न्यूनिकरण गर्नुको साथै छोरीहरुलाई उच्च शिक्षाको पहुँचसम्म पुऱ्याउन उत्प्रेरित गर्ने उद्देश्यले प्रोत्साहनस्वरुप पुरस्कार प्रदान गरे अध्यक्ष सारुले बताए । उनले भने '२० वर्ष पुगी विवाह गर्नेलाई पुरस्कार दिदै निस्दी गाउँपालिका उमेर नपुगी हुने विवाह रोक्न गाह्रो हुन थालेपछि यस्तो नीति अवलम्वन गरिएको हो ।' पालिकाले यस अघि नै पुरस्कारका लागि निवेदन समेत आह्वान गरेको थियो । सो निवेदनका आधारमा पुरस्कृत गरिएको प्रमुख प्रशासकीय अधिकृत ध्रुव दयालले बताए । पालिकाले महिला लक्षित कार्यक्रम मार्फत पुरस्कार दिएको हो । गाउँपालिकाले यस अघि गाउँपालिका भित्रका स्नातकोत्तर उत्तीर्ण महिलाहरुलाई नगद सहित सम्मान गरेको थियो । उसले स्नाकोत्तर उर्तिण १० जना महिलालाई नगद ५ हजार सहित दोसल्ला, सम्मान पत्रले सम्मान गरेको थियो ।


वर्षातको समयमा
बाढीपहिरोबाट जोगिऔं ।

**जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:**

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई